# अर्जुनधारा राजपत्र

## अर्जुनधारा नगरपालिकाद्वारा प्रकाशित

## खण्ड ५, शनिश्चरे, श्रावण १, २०७७ साल, अतिरिक्ताङ्क ३


### भाग १

### अर्जुनधारा नगरपालिका, झापाको सूचना

अर्जुनधारा नगरपालिकाको नगर सभाको नियमित नवौं अधिवेशनबाट पारित अर्जुनधारा नगरपालिकाको वार्षिक नीति तथा विशेष निर्णयहरु सर्वसाधारण सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### अर्जुनधारा नगरपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि नगरसभाको नवौं अधिवेशनबाट पारित बार्षिक बजेट, नीति तथा कार्यक्रम

आज यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७८।७९ को नीति कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभुति भएको छ । यस अवसरमा म सर्वप्रथम यस मुलुकमा लोकतन्त्र एवम् गणतन्त्रको स्थापनाका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने सम्पुर्ण शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै, राजनैतिक एवम् सामाजिक रुपान्तरणको आन्दोलनमा बेपत्ता, घाइते हुनुभएका व्यक्तिहरु, जेलनेल भोग्नुहुने आदरणीय अग्रजहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु र विश्वव्यापी कोभिड १९ को प्रकोपका कारणबाट दिवगंत हुनु भएका महानुभावहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु र उपचाररत सम्पूर्ण नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रले निदिष्ट गरेको दीगो शान्ति, स्थायीत्व, सामाजिक न्याय र समाजवाद तर्फ उन्मुख "समृद्ध नेपाल सुखी नेपाली" को साझा उद्देश्य र आकाक्षालाई पुरा गर्ने नगर वासीको सदियौ देखिको विकास र समृद्धिको चाहानालाई सार्थक रुप दिन र उपलब्ध श्रोत, साधनको समुचित र प्रभावकारी कार्यान्वयन गर्न चुनौतीपूर्ण रहेको छ ।

विगत ४ बर्षमा नगरपालिकाको समग्र विकासमा लक्ष्य उद्देश्य अनुरुप केही महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् भने केही नयाँ कार्यको थालनी गरिएको छ । विभिन्न समयमा जनतासँग गरिएको अन्तक्रिया तथा छलफलबाट प्राप्त सुझावलाई हामीले उच्च प्राथमिकता दिदै आएका छौं ।

गत ३ बर्षे अवधिमा नगरपालिकाका ९.७ किलोमिटर सडक कालोपत्रे, १८५ किलोमिटर सडक ग्राभल, १० किलोमिटर नयाँ सडकको ट्र्याक खोलिएको, १०५ वटा मोटरेवल पुल निर्माण

, ४ वटा झोलुङ्गे पुल, पार्क निर्माण १ वटा, खानेपानी तथा ढल निर्माण अन्तर्गत खानेपानी सेवाबाट लाभान्वित जनसंख्या ११००० जना, ढल निर्माण ५ कि.मी., नदी नियन्त्रण ४.३ कि.मी, सामाजिक सिंचाई २१७.७५ हेक्टर, विघुत विस्तार ३९.४ कि.मी., डम्पिङ साइट १ वटा, नयां विद्यालय भवन निर्माण सम्पन्न १२ वटा, नयां कक्षा कोठा निर्माण २० वटा, स्वास्थ्य चौकी निर्माण ४ वटा, सामुदायिक भवन १३ वटा, जनता आवास कार्यक्रम १५ वटा र विपन्न आवास कार्यक्रम अन्तर्गत २५ वटा घर निर्माण सम्पन्न भएका छन् ।

चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म पूर्वाधार निर्माण तर्फ सडक कालोपत्रे मर्मत ११ कि.मी, सडक ग्राभल २३ कि.मी, पुल, कल्भर्ट ११ वटा, ह्युम पाइप जडान ११३ थान, विद्यालय भवन तथा आवास वडा कार्यालय भवन समेत ४०, विधुत विस्तार ७८ थान प्लम १५७ मि., तटबन्धन २ स्पर, नाला २५० मि. र खानेपानी २.७ कि.मी सम्पन्न भएका छन् । यस आर्थिक वर्षमा सञ्चालित नगर सभाबाट स्वीकृत योजनाहरुको हकमा जम्मा योजना २७७मध्ये नगरस्तरीय योजना ६५, दायित्व १२९, , योजना स्वीकृत भएकोमा ८६ योजनाहरु सम्पन्न भएका छन् भने बाँकी योजनाहरु अन्तिम सम्पन्न चरणमा छन् ।चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम बमोजिम ११ वटै वडामा कालोपत्रे मर्मत ११ कि.मी मध्ये ६ किलोमिटर निर्माण सम्पन्न भएको । त्यस्तै गरी नयाँ कालोपत्रे ६.६ कि.मी मध्ये वडा न. १,२,३,४,५ सम्म २.६ कि.मी सम्पन्न भएको छ भने बाँकी निर्माण चरणमा रहेका छन् । ११ वटै वडामा करिब ५५ कि.मी. ग्राभल गर्ने कार्य पनि सम्पन्न हुने चरणमा छन् । यसै गरी विद्यालय भवन १२ शैक्षिक गुणस्तर सुधारका योजनाहरु पनि सम्पन्न हुने चरणमा छन् । २ नं वडा कार्यालयको कार्यालय भवन निर्माण सम्पन्न भएको छ भने बाँकी भवनहरु द्रुत गतिमा निर्माणको क्रममा छन । ती योजनाहरु आगामी आर्थिक वर्षमा सम्पन्न हुने लक्ष्य राखिएको छ ।

उक्त अवधिमा भएका मुख्य कार्यहरुमा शनिश्चरे कृषि बजार निर्माण, खुदुनावारी बजार स्तरोन्नति, सुखानी खोलामा पुल निर्माण, हलुवागढ, कैदले पर्यापर्यटन कार्यक्रम, वडा कार्यालय भवन निर्माण, वडास्तरमा सडक कालोपत्रे, प्राथमिक स्वास्थ्य केन्द्रको आधुनिकीकरण र स्वास्थ्य चौकीहरुको निर्माण, कृषि तथा पशुपक्षी विमा , पकेट प्याकेज कार्यक्रम, शैक्षिक भवन निर्माण तथा गुणस्तर सुधारका कार्यहरु उल्लेखनीय छन् ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को दोस्रो भेरियन्टले गत बर्ष झै यस बर्ष पनि नगरपालिकाको समग्र विकास प्रक्रियाहरु अवरुद्ध भए । प्रतिकुल अवस्थाका बाबजुद पनि चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म कुल विनियोजित बजेटको ४७.७२ प्रतिशत खर्च भईसकेको छ र आर्थिक वर्षको अन्त्यमा ९० प्रतिशत खर्च हुने अनुमान छ ।

नेपालको संविधान, दीगो विकासका लक्ष्यहरु, पन्धौ आवधिक योजना, नेपालको सरकारको बार्षिक नीति तथा कार्यक्रम, प्रथम प्रदेश आवधिक योजना, प्रदेश सरकार प्रदेश न. १ को बार्षिक

नीति तथा कार्यक्रम समेतलाई दृष्टिगत गर्दै अब म आगामी आ.व २०७८/०७९ को बजेट तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

१. कोभिड १९ को महामारीबाट नगरवासीको जीवन रक्षा गरिनेछ ।

२. सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

३. विकास निर्माणका कार्यलाई तिव्रता साथ निरन्तरता दिइनेछ ।

४. आर्थिक तथा सामाजिक रुपले पछि परेको क्षेत्र, वर्ग, समुदायको उत्थानका निम्ति विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

५. गरिवी न्यूनिकरणका लागि सार्वजनिक नीजि सहकारी अवधारणा अनुरुप श्रोत तथा साधन परिचालन गरिनेछ ।

६. उज्यालो नगर एवम सुरक्षित नगरपालिकाको कार्य अगाडी बढाइनेछ ।

**प्रस्तुत बजेटको उद्देश्य हासिल गर्न देहाय बमोजिमको प्राथमिकता निर्धारण गरेको छु ।**

१. अर्जुनधारा नगरपालिका अन्तर्गत शनिश्चरे अस्पतालको मातहतमा सरुवा रोग तथा महामारी नियन्त्रण तथा कोभिड १९ प्रकोप नियन्त्रण समेतका लागि सरुवा रोग तथा महामारी नियन्त्रण अस्पताल स्थापना गरिनेछ।

२. मुख्य बजार क्षेत्र तथा सडकहरुमा उज्यालो नगरपालिकाकोअवधारणा अनुरुप सडक बत्ती (Street light) जडान गरिनेछ ।

३. मुख्य बजार तथा चोकहरुमा सि सि क्यामेरा जडान गरी जनधनको सुरक्षा व्यवस्थालाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

४. निर्माणाधिन आयोजना तथा अधुरा कार्यहरुको निर्माण कार्य सम्पन्न गरी आगामी आर्थिक वर्षलाई उदघाटन बर्षको अभियानको रुपमा अघि बढाइनेछ ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत रोजगारी सृजना तथा आर्थिक सामाजिक र पूर्वाधार विकासले पछि परेको बर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने कार्यहरु अगाडी बढाइनेछ । कृषि तथा पशुपंक्षी विकासका लागि युवाहरुलाई परिचालन गरिनेछ ।

६. नगर औद्योगिक ग्राम, नगर विशेष सहकारी, अर्जुनधारा एकिकृत विपद् व्यवस्थापन केन्द्र स्थापना गर्दै ***समृद्ध र सुरक्षित नगर, सुखी र खुसी नगरवासी***को प्रत्याभूती गरिनेछ ।

सभाध्यक्ष महोदय,

अब म चालु आर्थिक वर्षको संक्षिप्त अवस्था प्रस्तुत गर्न चाहन्छु ।

चालु आर्थिक वर्षका लागि कुल रु. ८२,८४,७२,७९०.९८ (बयासी करोड चौरासी लाख बहतर हजार सात सय नब्बे पैसा अन्ठानब्बे) बजेट संसोधित अनुमान प्रक्षेपण गरिएको थियो । राजश्व बाडफाड मध्ये हालसम्म प्राप्त रु. ७१,७७,१३,९४१.७८ (एकहत्तर करोड सतहत्तर लाख तेह्र

हजार नौ सय एकचालिस पैसा अठहत्तर) आन्तरिक आय रु. ६,२६,८२,४६८.०५ (छ करोड छविस लाख बयासी लाख चार सय अडसट्ठी पैसा शुन्य पांच मात्र) खोला ठेक्का रु.५,१७,५१,७४४.५१ (पांच करोड सत्र लाख एकाउन्न हजार सात सय चौवालिस पैसा एकाउन्न मात्र) मा बन्दोबस्त भएता पनि सम्मानित सर्वोच्च अदालतको आदेश नदीजन्य सामाग्री उत्खनन तथा विक्री वितरण हुन सकेन । यसै गरी कोभिड १९ को कारणले संघीय राजश्व तथा अन्य आय कम प्राप्त हुने देखिन्छ ।आन्तरिक आय संकलनको हकमा हालसम्म ६ करोड २७ लाख बयानब्बे हजार संकलन भएको देखिन्छ ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षका लागि श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले दिएको बजेट सिलिङको परिधि भित्र रही देहायका बजेटको आकार, स्रोत तथा खर्चको आंकलन एवम विषयगत क्षेत्र विकास नीति र कार्यक्रम पेश गर्दछु ।

| श्रोत | तह | आर्थिक वर्ष२०७८/०७९ को आय अनुमान | आर्थिक वर्ष२०७९/०८० को आय प्रक्षेपण | आर्थिक वर्ष२०८०/०८१ को आय प्रक्षेपण |
|---|---|---|---|---|
| समानीकरण अनुदान | संघीय सरकार | १७,९५,००,००० | १९,७४,५०,००० | २१,७१,९५,००० |
| राजश्व बांडफाड मु अ कर | संघीय सरकार | ५,१३,९२,५०० | ५,६५,३१,७५० | ६,२१,८४,९२५ |
| राजश्व बांडफाड अन्त शुल्क | संघीय सरकार | ५,१३,९२,५०० | ५,६५,३१,७५० | ६,२१,८४,९२५ |
| समानीकरण अनुदान | प्रदेश सरकार | १,०६,७५,००० | १,१७,४२,५०० | १,२९,१६,७५० |
| राजश्व बांडफाड सवारी कर | प्रदेश सरकार | १,५६,४३,२३० | १,७२,०७,५५३ | १,८९,२८,३०८ |
| राजश्व बांडफांड रजिष्टेशन शुल्क | प्रदेश सरकार | ३,००,००,००० | ३,३०,००,००० | ३,६३,००,००० |
| राजश्व बांडफाड ढुङ्गा गिटी बालुवा | प्रदेश सरकार | ३,००,००,००० | ३,३०,००,००० | ३,६३,००,००० |
| आन्तरिक श्रोत | आन्तरिक राजश्व | ५,५०,००,००० | ६,०५,००,००० | ६,६५,५०,००० |
| मौज्दात | वैक मौज्दात | ९०,००,००० | ७१,५०,००० | ७८,६५,००० |
| जम्मा | | ४३,२६,०३,२३० | ४७,३१,१३,५५३ | ५२,०४,२४,९०८ |

जम्मा विनियोजित बजेट रु. ४३,२६,०३,२३०/- (त्रिचालिस करोड छब्बिस लाख तीन हजार दुई सय तीस मात्र ) जसमध्ये चालु खर्च रु. २०,४१,०३,२३० (४७.१८%) (विस करोड एकचालिस लाख तीन हजार दुई सय तीस मात्र) र

पुंजीगत खर्च रु. २२,७०,००,००० (५२.४७%) ( बाइस करोड सत्तरी लाख) प्रस्ताव गरिएको छ ।साथै संघीय सरकार र प्रदेश सरकारबाट सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानबाट प्राप्त हुने देहायका रकम समेत समावेश गरेको छु ।

| श्रोत | तह | रकम | अक्षरमा |
|---|---|---|---|
| सशर्त अनुदान | संघीय सरकार | २५,१५,००,००० | पच्चिस करोड पन्ध्र लाख |
| विशेष अनुदान | संघीय सरकार | ३,३३,००,००० | तीन करोड तेतिस लाख |
| समपुरक अनुदान | संघीय सरकार | १,२८,००,००० | एक करोड अठाइस लाख |
| सशर्त अनुदान | प्रदेश सरकार | १,५०,५०,००० | एक करोड पचास लाख पाँच हजार |
| समपुरक अनुदान | प्रदेश सरकार | १,००,००,००० | एक करोड |
| जम्मा | | ३०,९१,०५,००० | तीस करोड एकानब्बे लाख पांच हजार |

उपर्युक्त बमोजिम प्राप्त हुने बजेटबाट निम्न बमोजिमका नीतिका आधारमा कार्यक्रम बनाई लागू गरिनेछ ।

**१. आर्थिक विकास नीति**

क) **कृषि विकास नीति**

१. संघीय नीति तथा कार्यक्रम बमोजिम कृषि तथा पशु सेवाका लागि एक गाउं एक प्राविधिकलाई निरन्तरता दिइनेछ
२. कृषि उपज प्रवर्द्धन गर्नका लागि कृषि थोक बजारको निर्माण गरिनेछ ।
३. कृषि पशु पक्षी तथा मत्स्य तथ्याक संकलन र किसानहरुको सूचीकरण कार्य अगाडी बढाइनेछ ।
४. कृषि तथा साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट (धान, माछा, बाख्रापालन) कार्यक्रमलाई निरन्तरता दिइनेछ
५. स्थानीय प्रजातीको बाली, लहरेखेती तथा धान, मकै, आलुको विउविजन उत्पादन गरिनेछ ।
६. प्याज र लसुनलाई व्यवसायिक खेती गर्ने प्रोत्साहित गर्ने तथा वैमोसमी तरकारी खेती प्रवद्र गर्ने गराइनेछ ।
७. जरुवा संरक्षण, सतह तथा भुमिगत सिंचाई आयोजना सञ्चालन गरिनेछ ।
८. अर्जुनधारा नगरपालिका भित्र उत्पादन हुने मौलिक खाद्यबालीको बीउविजनको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।
९. नगरपलिका भित्र उत्पादन हुन कृषि उपजलाई क्रमशः विषादीरहित बनाउँदै लगिनेछ ।

**ख. पशुपंक्षी मत्स्य नीति**

१. संघीय नीति तथा कार्यक्रम बमोजिम माछा, मासु, अण्डा, दुध आदिको व्यवसायिक उत्पादन गर्न प्रोत्साहन गर्दै नगरपालिकालाई आत्मनिर्भर बनाइनेछ ।

२. पशुपंक्षीलाई चाहिने दाना, घांस तथा घाँसको बीउ उत्पादनमा प्रोत्साहन गरिनेछ ।
३. कृत्रिम गर्भाधान मिसन, पशु आहारा मिसन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
४. उन्नत जातका नश्ल सुधारका लागि अनुदानको व्यवस्था गरिनेछ ।
५. पशुपंक्षी विकास प्रारम्भिक पकेट कार्यक्रम मार्फत सञ्चालित नगर भरिका व्यवसायिक कृषक समुह तथा फर्मलाई विमामा अनुदान दिने तथा महिनामा न्यूनतम १ पटक प्राविधिक परामर्श प्रदान गरिनेछ । साथै, उत्कृष्ट कृषक छनौट गरी सम्मान गरिनेछ ।
६. कृषि तथा पशुपंक्षी विकास कार्यक्रममा सहभागि कृषकहरुलाई आवश्यक पर्ने प्राविधिक, पुजी, प्रशोधन र बजारीकरणमा सहजताको लागि नगरपालिकाकोआर्थिक विकाससंग सम्बन्धित सार्वजनिक निजी सहकारी कार्यक्रम संचालन गरिनेछ ।

ग) <u>सहकारी तथा गैर सरकारी सम्बन्धी नीति</u>

१. नगरवासीको आर्थिक विकास र राज्यको सेवा अनुदान सहज र सरल तथा समानुपातिक न्यायोचित रुपमा नगरवासीले प्राप्त गरुन भन्ने उद्देश्य राखी नगरपालिकाकै अगुवाइमा एक नगरस्तरीय विशेष सहकारी सञ्चालन गरिनेछ ।
२. यस प्रकारको सहकारीमा नगरपालिका, नगरवासीहरु, नगर क्षेत्र भित्र कृयाशिल कृषि समुहहरु, सामाजिक संघ संस्थाहरु, क्लबहरु, व्यवसायीहरु, उद्यमीहरुलाइ शेयर उपलब्ध गराइ नगरमा क्रियाशिल सहकारी संस्थाहरु, विशिष्ट सहकारीहरु संग साझेदारी गरी कृषि तथा कृषि उद्यम सम्बन्धी विभिन्न परियोजनाहरु संघ, प्रदेशसँग समन्वय गर्दै संचालन गरिनेछ ।
३. संघीय सरकार तथा प्रदेश सरकारमा दर्ता एवं यस नगरपालिकामा सुचिकृत भई सञ्चालनमा रहेका विभिन्न सहकारी तथा गैरसरकारी संस्थाहरुसँग समेत समन्वय एवं सहकार्य गर्दै नगरपालिकाको अर्थतन्त्र एवं समग्र विकासमा जोड्दै लगिनेछ ।

घ) <u>पर्यटन नीति</u>

१. शनिश्चरे बजारलाई सौन्दर्यीकरणका लागि पूर्वी खण्डमा गोरु गाडा, बजारको बाँकी भागमा पेभेज ओच्छ्याउने,चौकको उत्तर दक्षिण कालोपत्रे लगायत अर्जुनधारा नगरपालिका र व्हीलभरह्याम्पटन सिटि मैत्री स्तम्भ स्थापना गरिनेछ ।
२. यस नगरपालिकाका विभिन्न स्थानहरुमा नगरपलिकाको पूर्व निर्धारित कार्यक्रम अनुसार तय भएका शालिकहरुको प्रतिस्थापनको कार्यलाई पूर्णता दिइनेछ ।
३. अर्जुनधारा जलेश्वरधाम, जेठा गुम्बा, साधुटार, विद्यापिठ, सुखानी सहादत स्थल, सहिद प्रतिष्ठान, फाल्गुनन्द बाटिका, माइ नगरपालिकासँगको साझेदारीमा साठिमुरेमा प्रस्तावित बुद्ध मुर्ती स्थापनाका लागि कार्य प्रारम्भ, हलुवागढ सिमसार, पाण्डवपुर, कैदले, दहिझोडा शान्तिवाटिका हात्तिआल, हात्तिकिल्ला, सहकाले झरना लगायतलाई प्रवर्द्धन गरिनेछ ।
४. शनिश्चरे बजारका घर अगाडी फुटपाथ, पूर्व पश्चिम सडकमा एकतर्फी यातायात लगायतको व्यवस्था मिलाइनेछ ।
५. नगरपालिका भित्रका पर्यापर्यटन सम्भाव्यता अध्ययन गरी क्रमशः विकास गरिनेछ।

ङ) **उद्योग तथा वाणिज्य सम्बन्धी नीति**

१. अर्जुनधारा नगरपालिका वडा न २ को टाङटिङ किनारमा “नगर औद्योगिक ग्राम” सञ्चालन गरिनेछ ।

२. वडा /वडामा सुपथ मुल्य विक्री वितरण केन्द्र स्थापना गरी कृषि उपज, खाद्यान्न तथा दैनिक आवश्यक सामाग्री सहज तथा सरल रुपमा सकलन तथा विक्री वितरण गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

**२.सामाजिक विकास सम्बन्धी नीति**

१. लक्षित वर्गहरुको उत्थान र विकासका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।बाल मैत्री नगर निर्माणका लागि प्रर्वद्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । कम्तीमा एक वटा वडालाई बालमैत्री घोषणा गरिनेछ ।

२. विभिन्न कार्यक्रम सञ्चालन गरी महिलालाई आत्मनिर्भर बनाउन प्रोत्साहित गरिनेछ ।

क) **शिक्षा नीति**

१. संघीय नीति तथा कार्यक्रम अनुसार संञ्चालन हुने कार्यक्रमहरुलाई निरन्तरता दिदै बालकक्षा शिक्षकको पारिश्रमिक र बालबालिकालाई पोशाक वितरणकका लागि बजेट व्यवस्था गरिएको छ ।

२. मनोसामाजिक, मनोचिकित्सा परामर्श शिक्षकको व्यवस्था क्रमश गर्दै लगिनेछ ।

ख) **स्वास्थ्य सम्बन्धी नीति**

१. कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगको रोगथाम, नियन्त्रण तथा न्युनिकरणका लागि सवै वडाहरुमा स्वास्थ्य कर्मचारीहरुको परिचालन गरिनेछ ।

२. कोभिड १९ विरुद्धको खोप अभियान संञ्चालन तथा व्यवस्थापनको कार्यलाई नेपाल सरकारको नीति बमोजिम निरन्तरता दिइनेछ । साथै नियमित खोप कार्यक्रम लगायत प्राथमिकता प्राप्त जनस्वास्थ्य कार्यक्रहरु निरन्तर संञ्चालन गरिनेछ ।

३. गरिव, विपन्न, निमुखा, दीर्घरोगी, मजदुर, किसान आदिको प्राथमिकताको आधारमा स्वास्थ्य विमा गरिनेछ ।

४. शनिश्चरे प्राथमिक स्वास्थ्य केन्द्रलाई शनिश्चरे अस्पतालको को रुपमा स्तरोन्नति गर्न नेपाल सरकारसँग पहल गरिनेछ । साथै, नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा घुम्ती सेवा मार्फत मेडिकल अधिकृतको सेवा विस्तार गरिनेछ ।

५. सबै वडाहरुमा स्वास्थ्य केन्द्रहरु स्थापना गर्ने कार्यलाई पूर्णता दिइनेछ ।

६. महिला स्वास्थ्य स्वयंसेविकाको कार्यवोझ कम गर्दै लगिनेछ, आवश्यकताको आधारमा महिला स्वयम्सेविका तथा स्वास्थ्य स्वय सेवकहरुको परिचालन गरिनेछ ।

७. उपमेयरसंग आमा शिशु कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन कार्यविधिलाई समयानुकुलन संशोधन तथा परिमार्जन गरिनेछ ।

८. नसर्ने रोगको जोखिम नक्साङ्कनको लागि तथ्याक संकलन गरी रोग नियन्त्रणमा जोड दिन विद्यमान रोगीहरुको पहिचान तथा उपचारका लागि कार्डियाक डायवेटिक क्लव लगायतका क्रियाकलापहरुलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

९. स्वास्थ्य प्रर्वद्धन, रोग नियन्त्रण, पोषण सुधार तथा जनस्वास्थ्य कार्यक्रमहरुमा बहुक्षेत्रिय, बहुपक्षीय सहकार्य गरिनेछ ।

१०. स्वास्थ्य क्षेत्रमा आवश्यक नीतिगत सुधार गर्दै लगिनेछ ।

११. शनिश्चरे आर्युवेद औषधालयको स्तरोन्नति गरी नगरपालिकाका थप दुइ स्थानमा आयुर्वेद सेवाको विस्तार गर्दै आयुर्वेद औषधालयको सेवा सबै वडामा विस्तार गर्दै लगिनेछ ।

१२. आर्युवेद औषधालय मार्फत स्वस्थ जीवनशैलीका लागि स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१३. कोभिड १९ को समयमा खटिने स्वास्थयकर्मी तथा सरससफाईकर्मीका लागि थप संघीय अनुदान भए सोही बमोजिम र नआएमा थप ५० प्रतिशत सुविधा उपलब्ध गराइनेछ ।

**ग.भाषा, कला, संस्कृति सम्बन्धी नीति**

१. कला, संस्कृति, परम्परागत बाजा, जातीय झाकीहरु संरक्षण तथा प्रवर्द्धन गर्न सबै वडामा प्रत्येक बर्ष छनौट र नगरस्तरीय प्रतिस्पर्धा सञ्चालन गरिनेछ ।

**घ. युवा सम्बन्धी नीति**

१. युवाहरुको लागि कामको लागि पारिश्रमिक कार्यक्रम सञ्चालन गरिनेछ । दक्ष, अर्धदक्ष र अदक्ष रोजगार तथा स्वरोजगारका क्षेत्रमा लाग्न कृषि, पशु तथा निर्माण क्षेत्र आदिमा सम्भाव्यता अध्ययन गरी श्रममा लाग्न प्रोत्साहित गरिनेछ ।

२. श्रम तथा रोजगार बैंकको स्थापना गरिनेछ र मजदुरहरुको रोष्टर तयार गरिनेछ ।

३. युवाहरु लागु औषधको दुर्व्यसनमा फस्ने सम्भावनालाई न्युनिकरण गर्न सम्पूर्ण विद्यालय तथा कलेजमा युवा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

४. कुलत दुव्यर्सन तथा लागु औषधमा फसेका युवाहरुलाई पुर्न स्थापना गर्न सम्बन्धित व्यक्तिहरुसंग समन्वय सहकार्य र सहजीकरण गरिने छ र उनीहरुलाई अतिरिक्त क्रियाकलापमा लाग्न प्रेरित गरिनेछ ।

५. नगरपालिकाका युवाहरुमा नेतृत्व विकास गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. नगरपालिका भित्र दर्ता भई सञ्चालनमा रहेका युवा क्लबहरुलाई सुचिकृत गरी विभिन्न कार्यक्रम मार्फत प्रोत्साहन गरिनेछ ।

७. युवाहरुलाई रोजगारमुलक सीप सिक्नका लागि बजेट व्यवस्था गरिनेछ ।

८. युवाहरुलाई उद्यमी बन्न प्रोत्साहन गर्दै उत्कृष्ट युवा उद्यमी छनौट गरी सम्मान गरिनेछ ।

**ङ.खेलकुद सम्बन्धी नीति**

१. नगरस्तरीय फुटबल मैदान, कर्वड हल तथा क्रिकेट मैदानहरुको संरक्षण र प्रवर्द्धन गरिनेछ प्रत्येक वडामा खेल प्रशिक्षकको व्यवस्थापन गरी विद्यालय तथा विद्यालय छाडेका युवा खेलाडीहरुको दक्षता अभिवृद्धि गराइनेछ ।

२. राष्टपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

३. नगर स्काउट संघ बनाई विभिन्न क्षेत्रमा स्काउट कार्यक्रमलाई परिचालन गरिनेछ ।

४. प्रशिक्षार्थी खेलाडीहरुको प्रवर्द्धनका लागि नगरस्तरीय तथा वडास्तरीय प्रतिस्पर्धा गराइनेछ ।

**च.लैङगिक समानता तथा सामाजिक समावेशी सम्बन्धी नीति**

१. अपाङ्ता भएका व्यक्तिहरुलाई आयमुलक तथा सिपमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२. अपाङ्गुता भएका व्यक्तिहरुलाई सहायक सामाग्रीहरु (व्हील चियर, वैशाखी तथा सेतो छडी) को व्यवस्थापन गरिनेछ

३. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र यौनिक तथा लैगिक अल्पसंख्यकहरुको तंथ्याङ्क संकलन र अध्यावधिक गरिनेछ साथै लैंगिक समानता तथा उत्थानका लागि प्रदेश सरकार तथा संघीय सरकारसंग साझेदारी गरिनेछ ।

४. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत सम्भाव्य उत्पादन बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा पांच जनाको समुहमा प्रविधि हस्तान्तरण गरिनेछ ।

५. सबै जातजातीको परम्परागत पेशा तथा शिपलाई निरन्तरता दिन आवश्यक प्रोत्साहन र प्रवर्द्धन गरिनेछ ।

६. मजदुरहरुको लगत संकलन तथा सूचिकृत गरी असंगठित कृषि, निर्माण तथा खोला मजदुरहरु/ चिया मजदुरहरुको दुर्घटना विमा गरिनेछ । मजुदरलाई विभिन्न किसिमका सिपमुलक तालिम दिई व्यवसायिक बनाइनेछ ।

७. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको क्रममा भएका सहिद, घाइते अपाङ्ग, राजनैतिक पिडितलाई आत्मानिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरी सम्मानित गरिनेछ ।

८. न्याय सम्पादनमा वडा मेलमिलापकर्ताहरुलाई परिचालन गरिनेछ। न्यायिक इजलास गठन गरी न्यायिक निरुपण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ । समुदायमा रहेका शिक्षित व्यक्तिहरुलाई प्रचलित ऐन कानुन बमोजिम न्यायिक निरुपण कार्यका लागि क्षमता अभिवृद्धि तालिम दिई सेवा प्रवाहमा सजहता ल्याइनेछ ।

९. श्रमिकको तथ्यांक संकलन र सूचीकरण कार्यक्रम गरिनेछ ।

**३. पूर्वाधार विकास सम्बन्धी नीति**

१. नगर कार्यपालिकाको कार्यालय परिसरलाई अत्याधुनिक तरिकाले सौन्दर्यीकरण गरी नगरपालिकाकै गौरवको रुपमा विकास गरिनेछ ।

२. नगरपालिका अन्तर्गतका कार्यालयहरुको भवन निर्माण गर्नका लागि निः शुल्क जग्गा दान गर्नुहुने जग्गा दाताको प्रस्ताव अनुसार अर्धकदको प्रतिमा तथा शिलालेख प्रत्येक स्थानमा प्रतिस्थापन गरिनेछ ।

३. नगरपालिका क्षेत्र भित्र हुने सार्वजनिक निर्माणहरुको गुणस्तर मेसिन Rebound Hammer Test बाट जाँच गरी गुणस्तर सुनिश्चितता गरिनेछ ।

४. सडक कालोपत्रे बाहेकका अन्य उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुमा उपभोक्ता समितिको तर्फबाट १५ प्रतिशत लागत सहभागिता सुनिश्चित गरिनेछ ।

५. नगरपालिका क्षेत्र भित्र बन्ने नयाँ भवनको निर्माण अनुमति दिँदा सो भवनले भेट्ने बाटोको नालाको भागलाई समेत भवनकै अंग मानी नाला निर्माण भए पश्चात मात्र निर्माण सम्पन्न प्रमाणपत्र जारी गरिनेछ ।

६. संघीय कार्यक्रम अनुसार फाल्गुनन्द माङहिम सौन्दर्यीकरण कैदले अर्जुनधारा ३, वृद्ध प्रतिमा स्थापना अनपा २, मदन आश्रित शालिक संरक्षण तथा पार्क पर्यटकीय पूर्वाधार निर्माण वडा नं ४, शहिद स्मृति उद्यान पर्यटन पूर्वाधार निर्माणका लागि प्रक्रिया अगाडी बढाइनेछ ।

७. आगामी वर्ष प्रत्येक वडामा कम्तीमा १ कि.मी सडक कालोपत्रे, मर्मत सम्भार, विपद व्यवस्थापन र विषयगत क्षेत्रको विकास सम्बन्धी आयोजनाका लागि बजेट विनियोजन गरिएको छ ।

८. बाहिरी र भित्री रिङरोड नगर गौरव अन्तर्गत निर्माण गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

९. संघीय सरकार र प्रदेश सरकारसंगको समन्वय विरिङ, टाङटिङ खोलामा तटबन्धन, ग्रिनवेल्ट र सडक निर्माण कार्य गरिनेछ ।

१०. शनिश्चरे बजारलाई व्यवस्थित तथा सौन्दर्यीकरण गर्ने कार्यलाई पूर्णता दिइनेछ ।

११. वडा नं ६ को महानन्द चोकमा अर्जुनधारा प्रवेशद्वार निर्माण गरिनेछ ।

१२. नगरभित्रका अति आवश्यक पुल, कल्भर्ट निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१३. विरिङ खोलामा खानेपानी तथा सिंचाईको व्यवस्थापनका लागि चेक ड्याम निर्माण गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

१४. नगरपालिकाका आवश्यक योजनाहरुको संकलन गरी योजना बैंक तयार गरी आवश्यक योजनाहरुको डि.पि.आर. गर्नका लागि रकम विनियोजन गरिनेछ ।नगर सडक गुरुयोजना तयार गरिनेछ ।

१५. शहिद राजन गिरी मार्ग अन्तर्गत विरिङ खोलामा र मदन आश्रित मार्ग अन्तर्गत दहिझोडाको टाङ्गटिङ्ग खोलामा पुल निर्माण गर्न प्रदेश र संघसंग पहल गरिनेछ ।

१६. नगरभित्रका अत्याश्यक स्थान तथा मुख्य बजारहरुमा सडक बत्ती तथा सि.सी क्यामेरा जडान गरिनेछ ।सो कार्यका लागि प्रत्येक वडामा सात लाखका दरले बजेट विनियोजन गरिएको छ ।

१७. नगरपालिका कार्यालयमा रहेका यान्त्रिक साधनहरुलाई पूर्ण रुपमा परिचालन गरिनेछ ।

१८. नगरपालिकाबाट सञ्चालन गरिने आयोजनाहरुमा विभिन्न निकायहरुसँगको साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

अर्जुनधारा राजपत्र

१९. गत बर्षबाट निर्माण सुरु भएका वडा कार्यालयहरुको भवन निर्माण कार्य सम्पन्न गरी सेवा प्रवाह गरिनेछ ।

२०. पूर्व पश्चिम लोकमार्गको विर्तामोड महानन्द चोकबाट शनिश्चरे बजार हुदै खतिवडाचोक बाट बुद्धशान्तिको मेची राजमार्ग जोड्ने सडक निर्माण गर्न संघ तथा प्रदेश सरकार सग समन्वय गरिनेछ ।

२१. झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२२. तपाई मधेश समृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत २१८ वटा घर निर्माण गरिनेछ ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति**

१. झापा जिल्ला अन्तर्गतका चार वटा स्थानीय तहहरु अर्जुनधारा नगरपालिका, कन्काई नगरपालिका, विर्तामोड नगरपालिका र वुद्धशान्ति गाउंपालिकाको सहकार्यमा एकिकृत विपद व्यवस्थापन केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ । सो परियोजना सञ्चालनका लागि झापाका अन्य स्थानीय तहसँग समेत समन्वय गरिनेछ ।

२. विरिङ र टाङटिङ खोलालाई प्रदेशसंगको समन्यमा तटबन्धन गरी ग्रिनवेल्ट र सडक बनाइनेछ । विपद् व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

३. नगर भित्र रहेका विभिन्न वन उपभोक्ता समितिहरु तथा गैरसरकारी संस्थाहरुलाई नगरपालिकाको नीति तथा कार्यक्रम अनुसार व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

४. फोहोरमैला व्यवस्थापनको कार्य (डम्पिङ साइट) लाई प्राथमिकतामा राखी निरन्तरता दिइनेछ । सो फोहोरमैला छुट्टा छुटटै राखे व्यवस्था मिलाई संकलन गर्दै लगिनेछ ।

५. हात्ति पिडित क्षेत्रमा सडक बत्तीको व्यवस्थापन गरिनेछ ।

६. शनिश्चरेको खानेपानीलाई शुद्ध पिउने पानीको व्यवस्थापन गर्न संघ तथा प्रदेशसंग समन्वय गरिनेछ ।

७. जरुवा तथा खानेपानीको मुहान सम्भाव्यताको पहिचान गरी संरक्षण तथा जर्गेना गरिनेछ ।

८. नगर भित्र रहेका सिमसारहरु पहिचान गरी संरक्षण गरिनेछ ।

**५. सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति**

१. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार विचको अन्तर सरकारी साझेदारीको नीति अवलम्बन गरिनेछ। निजी क्षैत्र गैर सरकारी संघ संस्थासंग साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ । नगर विकास कोषसंगको सहकार्य र साझेदारीमा प्राथमिकता प्राप्त आयोजनाहरु सञ्चालन गरिनेछ ।

२. विषयगत गुरु योजना (Master Plan), आवधिक योजना (Periodic Plan) निर्माणका लागि संघीय सरकार प्रदेश, सरकार संघसंग समन्वय गरिनेछ ।

**६. सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति**

१. नगरपालिका अन्तर्गतका कर्मचारीहरुको क्षमता विकास गर्न विभिन्न क्षमता विकास सम्बन्धि तालिम, कार्यशाला तथा गोष्ठीहरु सञ्चालन गरिनेछ । कर्मचारीहरुलाई प्रविधि मैत्री बनाई विद्युतीय सुशासन कायम गर्न जोड दिइनेछ ।

२. कर्मचारीहरुको वृत्ति विकासका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. नगरपालिका र अन्तर्गत कार्यरत कर्मचारीहरुको मनोबल उच्च बनाउन सेवा सुविधालाई समय सापेक्ष बनाइनेछ

४. कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी सो अनुसारको कार्यालय संरचना स्थापना गर्दै सेवा प्रवाहमा प्रभावकारिता वृद्धि गरिनेछ ।

५. नेपाल सरकारले घोषणा गरे अनुरुप यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको तलब भत्तालाई समायोजन गरिनेछ ।

६. स्थानीय तहमा कार्यरत साविक स्थानीय निकायका स्थायी कर्मचारीहरुको वृत्ति विकासका लागि कानून निर्माण गरी अवरुद्ध रहेको वृत्ती विकासको प्रक्रिया अगाडी बढाइनेछ।

७. नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गरी कायम हुने दरबन्दीमा स्थायी पदपूर्तीका लागि प्रक्रिया अघि बढाइनेछ ।सेवा करार मार्फत लिनुपर्ने सेवाका लागि ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई करार सेवामा लगिनेछ ।

८. कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भई लागू नहुञ्जेल नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुमा सेवा करा तथा दैनिक ज्यालादारी मार्फ व्यवस्थापन गरिएका जनशक्तिको सेवा निरन्तरता दिइनेछ ।

९. नगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रमलाई समयमै कार्यान्वयन गर्न वार्षिक कार्यतालिका बनाई लागू गरिनेछ ।

१०. नगरपालिका कार्यालयबाट हुने खरिद सम्बन्धि कार्यलाई व्यवस्थित गर्न वार्षिक खरिद योजना बनाई लागू गरिनेछ ।

११. स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजना सञ्चालनका लागि आर्थिक वर्षको पहिलो त्रैमासिक भित्रै उपभोक्ता समिति गठन गरी २०७९ बैसाख मसान्त सम्म सबै योजनाहरु सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१२. ठेक्का बन्दोवस्त गरिने योजनाहरुको ड्रइङ्ग डिजाइन, लागत स्टमेट तयारी,सूचना प्रकाशन लगायतका प्रशासनिक कामकाज  प्रथम त्रैमासिक भित्रै सम्पन्न गरी दोश्रो त्रैमासिकबाट योजना सञ्चालन गरिनेछ ।

१३. नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धि योजनाहरुको प्रभावकारी सम्पादनका लागि नियमित रुपमा सरोकारवालाहरुसँग अन्तर्क्रिया गरिनेछ, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई लगायतका कार्यलाई नियमित रुपमा सञ्चालन गरिनेछ ।

**७. आर्थिक तथा राजश्व परिचालन नीति**

१. नगरपालिकाको स्वामित्वमा रहेका व्यवसायिक भवनहरुमा वहाल गरी व्यवसाय गर्ने व्यवसायीहरुलाई चालु आर्थिक वर्षको निषेधाज्ञा अवधि भरको वहाल कर छुट गरिनेछ ।

२. निषेधाज्ञाका कारण नगरपालिकालाई बुझाउनुपर्ने कर समयमा बुझाउन नसकेका करदाताले आगामी आर्थिक वर्षको आश्विन मसान्त सम्ममा आर्थिक वर्ष २०७७/०७८ को कर बुझाएमा जरिवाना लगाइने छैन ।

३. कर तथा राजश्वलाई सवल बनाउन राजश्व सुधार कार्ययोजना तयार पारी कार्यान्वयन गरिनेछ ।

**८. भूमि व्यवस्थापन नीति**

१. भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको संकलित तथ्यांक अनुसार लगत प्रविष्टि तथा जग्गा नाँपजाँचका लागि दक्ष प्राविधिकहरु तेश्रो पक्ष मार्फत व्यवस्था गरी समयमै धनिपुर्जा वितरणको कार्यलाई सम्पन्न गरिनेछ ।

२. भुमिहिन, दलित, भुमिहिन सुकुम्वासी अव्यवस्थित बसोबासका लागि भुमि आयोग मार्फत लगत संकलन गरी जग्गा धनीपुर्जा वितरण कार्यलाई अगाडी बढाइनेछ ।

३. यस नगरपालिकासँग सिमाना जोडिएका स्थानीय तहहरुसँगको सिमाना तथा सो क्षेत्रका वासिन्दाहरुको समस्या समाधान गर्न लागि अन्तर स्थानीय तहसंग समन्वय गरी सरपट नापीको व्यवस्थाका लागि पहल गरिनेछ ।

**प्रस्तुतकर्ताः**

कमला खतिवडा आचार्य

नगर उप प्रमुख एवम् बजेट तर्जुमा समिति संयोजक

अर्जुनधारा नगरपालिका

मिति २०७८/०३/१० गते

अर्जुनधारा राजपत्र

अर्जुनधारा नगरपालिकाको नगर सभाको नवौँ नियमित अधिवेशनबाट निम्न बमोजिम विशेष प्रस्तावहरु सर्वसम्मत रुपमा पारित गरियो ।

१. नेपाल सरकार तथा प्रदेश सरकारबाट चालु आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न कार्यक्रम सञ्चालनका लागि आर्थिक वर्षको अन्तिम समय तिर सशर्त अनुदान प्राप्त भएकोमा त्यस्ता योजनाहरु समयमा सम्पन्न गर्न समय अभाव हुने देखी सञ्चालन गर्न नसकिएकाले त्यस्ता कार्यक्रमहरु आगासुमी आर्थिक वर्षमा समेत पठाउनका लागि नेपाल सरकार तथा प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

२. कोभिड १९ प्रकोपका कारण चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रमका सबै योजनाहरु समयमा कार्यान्वयन गर्न नसकिएकाले त्यस्ता आयोजनाहरु आगामी आर्थिक वर्ष २०७८/०७९ मा अ.ल्या. गर्ने र उक्त योजनाहरुमा विनियोजन भएका रकमलाई श्रोत अनुमानमा समेत थप गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

३. नेपाल सरकार, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त सशर्त अनुदान रकमबाट आर्थिक वर्ष २०७८/०७९ मा निम्न बमोजिम कार्यक्रमहरु सञ्चालन गर्ने र आगामी आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रम अन्तर्गत निम्न बमोजिम कार्यक्रमहरुमा लागत साझेदारी गर्ने निर्णय गरियो ।

| सि.न | योजनाको नाम | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | सहकाले झरना (नगरसँग सहकार्य) | १०००००० | दश लाख मात्र |
| २ | विभिन्न प्राकृतिक जरुवा पैनी तथा सतह सिंचाई मर्मत सम्भार कार्यक्रम | १५००००० | पन्ध्र लाख मात्र |
| ३ | तटबन्धन, | ६००००० | छ लाख मात्र |
| ४ | रङरोगन तथा मर्मत संभार, | ४००००० | चार लाख मात्र |
| ५ | नगरपालिका भित्रका विभिन्न झोडी तथा नाला मर्मत सरसफाई कार्यक्रम । | २०००००० | बीस लाख मात्र |
| | कुल जम्मा | ५५००००० | पचपन्न लाख मात्र |

**प्रधानमन्त्री रोजगार कार्यक्रम र वडाको साझेदारीमा संचालन हुने आयोजना**

| सि.न | योजनाको नाम | विनियोजित रकम | अक्षरमा |
|---|---|---|---|
| १ | विभिन्न बर्खे पैनी मुहान मर्मत, अर्जुनधारा-१ | २००००० | दुइ लाख |
| २ | गरिव बिपन्न आवास कार्यक्रम (दश वटा घर निर्माण), अर्जुनधारा-५ | १००००० | दश लाख |
| ३ | इथुङ्गे टोल प्लम्ब निर्माण, अर्जुनधारा-७ | ४००००० | चार लाख |
| ४ | अमित खम्बुको घर जाने बाटो नाला निर्माण,अर्जुनधारा-७ | ४००००० | चार लाख |
| ५ | पुष्पलाल मार्ग प्लम्ब निर्माण, अर्जुनधारा-७ | ४००००० | चार लाख |
| ७ | वडा कार्यालय प्लम्व र पार्किङ्ग निर्माण, अर्जुनधारा-९ | ३५०००० | तीन लाख पचास हजार |
| ११ | खानेपानी विस्तार कार्यक्रम, अर्जुनधारा-११ | २००००० | दुई लाख |

४. अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७७/०७८ का लागि आइतबारे बजार, पशुचौपाया विक्री ,साप्ताहिक हाट बजार कर संकलन गर्न ल्हासो कन्सट्रक्सन प्रा.लि. अर्जुनधारा-२ सँग ठेक्का बन्दोवस्ती गरी सम्झौता भएकोमा कोभिड १९ प्रकोपका कारण लामो समयसम्म बजार बन्द रहेकाले बजार बन्द रहेको २९ हप्ता बराबरको दामासाहीले हुन आउने रकम रु १७,५९,८५३/६९ (सत्र लाख उन्साठी आठ सय त्रिपन्न हजार रुपैया उनान्सत्तरी पैसा मात्र ) उक्त फर्मलाई फिर्ता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

आज्ञाले,
अम्बिका प्रसाद चौलागाईं
अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको
कार्यालयका
प्रमुख प्रशासकीय अधिकृत

अर्जुनधारा राजपत्र